# चौथो नगरसभाबाट आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत नीति तथा कार्यक्रम

स्वीकृत मितिः २०७६/०३/१२

## भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बयरघारी, स्याङ्जा

# आर्थिक वर्ष ०७६/०७७ को नीति तथा कार्यक्रमः

१. भीरकोट नगरपालिकाको नगर प्रमुखको हैसियतले नगर सभाको यस वैठकमा आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरवको महशुस गरेको छु । यस महत्वपूर्ण अवसरमा राष्ट्रिय स्वतन्त्रताका निमित्त आफ्नो जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत आदरणीय नेताहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका नगरवासी नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

२. भीरकोट नगरपालिका नगरकार्यपालिकाको निमन्त्रणालाई स्वीकार गरी नगरसभाको चौथौ अधिवेशनमा पाल्नुहुने प्रदेश सभा सदस्य माननीय मोहन रेग्मीज्यू, माननीय मेखलाल श्रेष्ठज्यू, माननीय दिपक चर्तिमगरज्यू, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु, उपस्थित वडा अध्यक्षज्यूहरु, वोर्ड सदस्यहरु, नगरसभाका सदस्यज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरू, टोल विकास समिति, आमा समूह तथा यूवा क्लबका प्रमुखहरु र कार्यक्रममा उपस्थित कर्मचारीहरु, सुरक्षाकर्मी तथा पत्रकार मित्रहरुलाई म सर्वप्रथम यस गरिमामय सभामा स्वागत गर्न चाहन्छु ।

३. गत आर्थिक वर्ष २०७५ असार १२ गतेको नगरसभामा मैले नगर कार्यपालिकाको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा प्रशासन सुधार लगायतका विभिन्न क्षेत्रहरुलाई सम्बोधन गर्ने गरी नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गरेको व्यहोरा स्मरण गराउन चाहान्छु ।

भीरकोट नगरपालिका

४. सर्वप्रथम म चालू आर्थिक वर्षको असार १२ गतेका दिन यस सभामा पेश गरेको नीति तथा कार्यक्रमको कार्यान्वयन अन्तिम चरणमा रहेको व्यहोरा अवगत गराउँदै उक्त नीति कार्यान्वयन पश्चात भएको प्रगति विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु।

**१. पुर्वाधार विकास क्षेत्र तर्फको प्रगति विवरणः**

**क. भवन तथा संरचना निर्माण तर्फ**

चालु आर्थिक वर्षलाई पूर्वाधार विकास तथा निर्माण वर्ष घोषणा गरि कार्यक्रम संचालन गरिएकोमा रु. ७ करोड ३४ लाख २१ हजारमा निर्माणाधिन नगरपालिकाको भवनको दोश्रो तलाको ढलान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । वडा नं. ५ को वडा कार्यालय निर्माण गर्नका लागि मालपोत कार्यालयले निर्धारण गरेको न्यूनतम मूल्यमा ८ रोपनी २ आना २ पैसा ३ दाम क्षेत्रफलको जग्गा खरीद गरिएको, नगरपालिका भित्र उत्पादन हुने फोहोरलाई वैज्ञानिक व्यवस्थापनका लागि वडा नंम्बर ४ को मझूवा फाँटमा मालपोत कार्यालयले निर्धारण गरेको न्यूनतम मुल्यमा करिब २० रोपनी जग्गा खरिद गरी रु ३९ लाखको लागतमा नकुहिने खालका फोहोर राख्ने ट्रष्ट र पाले घर निर्माण गर्ने कार्य असार मसान्त भित्र सम्पन्न गरिने छ। नगरपालिकाको सिटीहल निर्माणका लागि शहरी विकास तथा भवन निर्माण विभागसंगको सहकार्यमा बोलपत्र आव्हान भै सम्बन्धित ठेकेदारसंग सम्झौता भएको र आगामी श्रावण १ गते पश्चात साविकको कृषि सेवा केन्द्रमा निर्माण गर्ने व्यवस्था मिलाईएको छ । नगरपालिका क्षेत्र भित्र सवारी साधनको आवत जावत र पार्किङ्ग व्यवस्थालाई सहज बनाउनका लागि बयरघारी बजार क्षेत्रको सिसौघारीमा १४ रोपनी जग्गा प्रति बर्ष प्रति रोपनी रु १५ हजार का दरले भाडामा लिई करिव १२ लाख रुपैयाको लगानीमा संरचना निर्माण गरि वसपार्क संचालनमा ल्याइएको छ । यसको सकारात्मक असर बजार क्षेत्रमा देखिएको छ । बजार क्षेत्रमा भाडामा बस्ने वा आफ्नै घरमा काजक्रिया गर्न साँघुरो भएका व्यक्तिहरुलाई काजक्रिया गर्न सरल होस भन्ने उद्देश्यले बसपार्क नजिक २ कोठे क्रियाधर निर्माण गर्ने काम सम्पन्न भएको छ।बजार क्षेत्रमा रहेका छाडा पशु चौपायले दिएका समस्या समाधनका लागि वडा नंम्बर ४ को दभुङ्गमा रु ५ लाखको लागतमा साना ठूला गरी ४५ वटा गाई राख्न सकिने गौशाला निर्माण गरिएको छ । उक्त गौशालमा हाल बजार क्षेत्रबाट लगेका ३९ वटा गाई रहेका छन् । पूर्वाधार निर्माण तर्फ खिलुङ पर्यटन भवन, सिम्ले सामुदायिक भवन, सहनशिल आमा समूह भवन, ढापुक सामुदायीक भवन, लालिगुराँस आमा समूह भवन र शान्तीदीप आमा समूह भवन लगायतका सामुदायीक भवनको निर्माण कार्य सम्पन्न भएको र वडा नं. ७ को वडा कार्यालय भवन निर्माण यसै आर्थिक वर्षमा सम्पन्न हुँदैछ ।

**ख. सडक निर्माण तर्फः**

ख. नगरपालिका क्षेत्र भित्र रहेका मुख्य बजार क्षेत्रमध्ये वडा नंम्बर ४ को छाङ्गछाङ्गदी हटियामा करिब ८० मिटर कच्चि बाटो, वडा नम्बर २ को गणेशटोल मार्गमा करिब २२२ मिटर कच्चि

बाटो र वडा नंम्बर १ वयरघारी बजार क्षेत्रमा करिब ४५४ मिटर कच्चि बाटो कालोपत्रे तथा पि.सि.सि. गर्ने कार्य रु १ करोड ४० लाख रुपैयाको लागतमा निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ। त्यसै गरी नगरपालिकाको सहयोग र समन्वयमा शहरी विकास तथा भवन डिभिजन कार्यालय पोखराबाट वडा नंम्बर ५ को सुन्दर बजार देखि तिलाहार नेटासम्मको करिव ५ किलोमिटर सडक स्तरोन्नती गर्नका लागि रु ५ करोडको बोलपत्र आव्हान गरी सम्बन्धित ठेकेदारसँग सम्झौता भएको र आगामी आर्थिक वर्ष २०७६/०७७ देखि निर्माण कार्य सुरु हुँदै छ । त्यसै गरी वडा नं. ३ को बानेथोक देखि रयाले रीजुसम्म, वडा नंम्बर ५ को सुन्दरबजार देखि रीप स्वरेक मैदानसम्म र वडा नंम्बर ८ को ढापुक फेदी देखि स्याना भञ्याङ्ग सम्मका कच्ची सडकहरुको करिब ५२ लाखको लागतमा स्तरउन्नती गर्ने कार्य सम्पन्न गरिएको छ। त्यसैगरी बडा नंम्बर १ को वयरघारी बजार देखि केघा भज्याङ्ग र वडा नंम्बर २ को जोगखोला देखि केघा भज्याङ्गसम्मको सडक खण्ड विभिन्न स्थानमा पि.सि.सि. लगायतका कार्य गरि नगरक्षेत्र भित्रका सडकहरु स्तरउन्नती गरिएको छ।

**<u>ग. खानेपानी आयोजना तथा सरसफाई तर्फः</u>**

नगरक्षेत्र भित्र स्वच्छ र सफा पिउने पानीको सहज पहुँच नपुगेका नगरवासीलाई पिउने पानी पुऱ्याउनका लागि वडा नं. ३ मा ४३ लाखको लागत अनुमानमा सानो खोल्सा लिफ्टिङ्ग खानेपानी योजनाको निर्माण कार्य प्रारम्भ गरी करिव ५०% काम सम्पन्न भएको छ । वडा नं. ९ को साउन्दी काभ्रे ठाना करादी खानेपानी आयोजना करिव २० लाखको लगानीमा खानेपानी योजना निर्माण हुँदै छ र बयरघारी बजार आसपासका क्षेत्रमा खानेपानी समस्या समाधानका लागि संघीय सरकारसँगको सहकार्यमा खानेपानी आयोजना संचालन गर्नका लागि बोलपत्र आव्हान भई ठेकेदारसँग सम्झौता हुने क्रममा रहेको छ ।नगरपालिका वडा नं. १, बयरघारी बजारमा शहरी विकास डिभिजन कार्यालय, कास्कीको सहलगानीमा सार्वजनिक शौचालय निर्माण गर्ने कार्य शुरु भएको छ ।

**<u>घ. सडक वर्गिकरण तर्फः</u>**

नगरपालिका भित्रका सम्पूर्ण सडकहरुको लम्बाई, चौडाई, बाटोको उपयोग, सवारी साधनको चाप र महत्व समेतका आधारमा सडकको दुरी मापन गरी क,ख,ग र घ वर्गमा वर्गिकरण गर्ने कार्य गरिएको छ।

**ङ. <u>डि.पि.आर सम्बन्धमाः</u>**

कुनै पनि विकास आयोजना संचालन गर्नुपूर्व संभाव्यता अध्ययन (DPR) को आवश्यकता पर्ने भएकोले गैह्राथोक हुँदै फोहोरमैला व्यवस्थापन केन्द्र, दहथुम देखि फोहोरमैला व्यवस्थापन केन्द्र सम्म, ओडारे देखि सिसौघारी हुँदै फोहोरमैला व्यवस्थापन केन्द्र सम्म, दार्सिङ्ग जगतपुर हुँदै केघा सम्म, नगरपालिकाको भवन निर्माणस्थल देखी जगतपुर केघा सम्म, सुन्दरबजार तिलाहार नेटा हुँदै

स्वरेक मैदानसम्म, ढापुक सिमलभञ्ज्याङ्ग हुँदै सानो भञ्ज्याङ्ग सम्म, छेकने चौपारी हुँदै लामडाँडा सम्मका सडकहरुको DPR तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । यसैगरी गडहरे गुफामा पार्क निर्माण, फोहोरमैला व्यवस्थापन केन्द्रको पार्क निर्माण, वीरखोलामा पार्क निर्माणका लागि डि.पि.आर. तयार भएको छ। नेपालका १०० वटा पर्यटकीय गन्तव्य स्थल मध्ये प्रमुख पर्यटकीय स्थलको रुपमा परिचित स्वरेक मैदानमा पर्यटकीय पूर्वाधार निर्माण गर्न सडक, पार्क र पर्यटकीय स्थलको DPR तयार गरिएको छ । यसले गर्दा आर्थिक वर्ष २०७६/०७७ मा संघीय तथा प्रदेश सरकारबाट माग भएका योजना तथा कार्यक्रमहरु संचालनमा सहज हुने अपेक्षा लिएको छु ।

**च. <u>सडकवत्ती सम्बन्धीः</u>**

बजार क्षेत्रको रात्रीकालिन समयको सुरक्षा व्यवस्थालाई मध्येनजर राखी वडा नं. १ को लामाचौरमा, बयरघारीको प्रगती टोल देखि होटल भीरकोट भिल्लासम्म, वसपार्कमा र वडा नं. २ को ठाडोलाईन चोकमा गरी जम्मा ६ वटा सौर्य वत्ती जडान गरिएको छ ।यसैगरी छाङ्गछाङ्गदी बजार क्षेत्रमा सम्बन्धित उपभोक्ताहरुले विद्युत महशुल तिर्ने गरी सडक वत्ती जडान गरी रात्रीकालिन समयमा बजारको सुरक्षा व्यवस्थालाई मजवुत बनाईएको छ ।

## २. सामाजिक विकास क्षेत्र तर्फको प्रगति विवरणः

**क. <u>स्वास्थ्य सम्बन्धमाः</u>**

- नगरपालिका क्षेत्रका गर्भवती महिलाहरुको पोषण अवस्थामा सुधार ल्याउनका लागि पहिलो पटक गर्भ जाँच गराए देखि शिशु नजन्मेसम्म स्वस्थ्य संस्थाबाट दिनको १ गोटाको दरले अण्डा वितरण गर्ने कार्य संचालन गरिएको छ ।
- स्वास्थ्य आमा समूहको वैठकलाई निरन्तरता दिनका लागि खाजाको व्यवस्था र महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई प्रोत्साहन स्वरुप मासिक रु. ५०० का दरले संचार सुविधा उपलब्ध गराइएको छ ।
- वडा नं. ६ र ९ मा पाठेघर सम्बन्धी शिविर र वडा नं. ९ मा आँखा, दाँत र क्षयरोग सम्बन्धी शिविर संचालन गरिएको छ ।
- वडा नं. ४,६ र ७ मा मधुमेह, उच्चरक्तचाप र नसर्ने रोगको सम्बन्धमा ७ दिने सचेतना कार्यक्रम तथा शिविर संचालन गरिएको छ ।
- नगरक्षेत्रभित्रका ५ वर्ष मुनिका वालवालिकाहरुलाई निरन्तर रुपमा जुकाको औषधी खुवाउने र नगरक्षेत्रभित्रको सम्पूर्ण विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क रुपमा सेनेटरी प्याड वितरण गरिएको छ ।
- आयूर्वेदिक औषधीको प्रयोग र जडीवुटी पहिचानको लागि सचेतना कार्यक्रम संचालन तथा आयूर्वेदिक स्वास्थ्य शिविर र योग शिविर संचालन गरिएको छ ।

- नगरपालिकाको वडा नं. ३ र ४ को स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न भएको र वडा नं. ८ र ९ को स्वास्थ्य चौकी भवन आर्थिक वर्षको अन्त्यमा सम्पन्न हुने अवस्थामा रहेका छन् ।
- स्वास्थ्य चौकी नभएका वडाहरुमा संघीय सरकारको सहलगानीमा शहरी स्वास्थ्य क्लिनिक संचालन गरिएको छ ।

**ख. <u>ज्येष्ठ नागरीकः</u>**

जिवित इतिहासको रुपमा रहेका ज्येष्ठ नागरीकहरु एक आपसमा भेटघाट भै आफ्ना अनुभवहरुको आदान प्रदान गर्ने वातावरण सृजना गर्नका लागि वडा नं. १ को कार्यालय भवन अगाडी नगरपालिका र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको सहकार्यमा ज्येष्ठ नागरीक दिवा सेवा केन्द्र निर्माण गर्ने कार्य प्रारम्भ गरिएको छ । ज्येष्ठ नागरीकहरुका समस्या र असहजताको विषयमा जानकारी लिई नगरपालिका भित्र वसोवास गर्ने ८० वर्ष माथिका ज्येष्ठ नागरीकहरुको उच्च मनोवल र स्वस्थ जीवनयापनको लागि दीर्घ जीवनको शुभकामना सहित सम्मान पत्र,अश्वगन्धा र च्यवनप्रास वितरण गरी सम्मान गरिएको छ । नगरपालिका भित्र रहेका करिव २४०० ज्येष्ठ नागरीकहरुलाई ज्येष्ठ नागरीक परिचय पत्र वितरण र वडा नं. ८ को ढापुकमा ज्येष्ठ नागरीक दिवा सेवा केन्द्र स्थापना भएको छ ।

**ग. <u>फरक क्षमता भएका व्यक्तिहरुका सम्बन्धमाः</u>**

नगर क्षेत्रभित्रका फरक क्षमता भएका व्यक्तिहरुसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी उनीहरुलाई सम्मान गरिएको, नगरस्तरीय अपाङ्ग समितिको गठन भएको, उनीहरुको दैनिक व्यवहारलाई सहयोग हुने खालका ह्वील चियर, सेतो छडी समेतका आवश्यक सहायक सामाग्री वितरण गरिएको छ। कच्ची शौचालय भएका घरपरिवारलाई शौचालय निर्माण सामाग्री र खरको छाना भएका घरपरिवारहरुलाई सूरक्षित आवासको सुनिश्चितताको लागि विपन्नताको आधारमा जस्तापाता वितरण गरिएको छ ।

**घ. <u>दलित, मुस्लिम, अल्पसंख्यक, विपन्न तथा पिछडिएको वर्ग सम्बन्धमाः</u>**

दलित तथा पिछडिएको वर्गको उत्थान तथा विकासका लागि उनीहरुको ज्ञान, सिप र आवश्यकताका आधारमा सिलाई कटाई तालिम र मौरीपालन सम्बन्धी तालिम संचालन गरी नगरपालिकाको ५०% अनुदानमा सिलाई मेशिन र मौरी घार वितरण गर्ने कार्य सम्पन्न भएको छ। मानव स्वास्थ्य र पर्यावरणीय सरसफाईमा सुधार ल्याउने उद्देश्यले नगरपालिका ९ वटै वडाहरुमा बसोवास गर्ने दलित, मुस्लिम, अल्पसंख्यक, विपन्न तथा पिछडिएको वर्ग समेत गरी ५५७ घर परिवारलाई शौचालय निर्माण सामाग्री वितरण गरिएको छ । खरको छाना भएका विपन्न घर परिवारलाई सुरक्षित आवासका लागि मागको आधारमा जस्तापाता वितरण गर्नुका साथै विपन्न

परिवारहरुको वसोवास रहेको वस्तीमा स्वच्छ पिउने पानी र सडक संजाल विस्तारका कार्यक्रम संचालन गरिएको छ ।

**ङ. <u>सिप मुलक तालिम तर्फः</u>**

विभिन्न पेशामा आवद्ध व्यक्तिको सिप तथा क्षमता विकास गरी तिनीहरुलाई उद्यमशिल वनाई स्वआर्जन गर्न सक्ने बनाउनका लागि वडा नं. ३ को बानेथोकमा ६०, वडा नं. ४ मा ३५ र वडा नं. ९ मा ३५ गरी जम्मा १३० जना महिलालाई सिलाई कटाई तालिम दिईएको छ। नगरपालिका भित्रका सम्पूर्ण वडाका ९० कृषकलाई मौरी पालन तालिम, वडा नं. २,५ र ७ मा उद्यम विकास समितिसँगको सहकार्यमा बाँसको सामाग्री वनाउने तालिम, उद्यम विकास तालिम र ढाका बुनाई तालिम गरी कुल ४५ जनालाई सिप तथा व्यवसाय मूलक तालिम प्रदान गरिएको छ।नगरपालिका क्षेत्र भित्रका २० जना कृषकहरुलाई वाख्रापालन तालिम र २० जनालाई ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम C.T.E.V.T. को सहकार्यमा ६५ दिने तालिम दिईएको छ।यसैगरी नगरक्षेत्रका महिलालाई स्वाबलम्बी र व्यवसायी बनाउने उद्देश्यले ३२ जनालाई ब्युटिसियन तालिम प्रदान गरिएको छ ।

**च. <u>महिला हिंसा र लागु औपध दुर्व्यसन सम्बन्धमाः</u>**

सामाजिक विकृति र विसङ्गतिलाई न्यूनीकरण गर्नका लागि महिला हिंसा र लागूऔषध दुर्व्यसनका सम्बन्धमा नगरस्तरमा विभिन्न दिवसहरु मनाउनका अतिरिक्त भाग्योदय माध्यमिक विद्यालय, दहथुम माध्यमिक विद्यालय लगायतका ५ वटा माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको सहभागितामा महिला हिंसा र लागुऔषध दुर्व्यसन सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ ।

**छ. <u>फोहोरमैला व्यवस्थापन सम्बन्धमाः</u>**

नगरक्षेत्रमा उत्पादन हुने फोहोरमैलाको व्यवस्थित व्यवस्थापन र विसर्जन गर्न फोहोर उत्पादन स्थल (घर-घर)वाटै २०७६ जेठ १ गते देखि कुहिने र नकुहिने फोहोर वर्गिकरण र पुनःप्रयोग गर्न सकिने फोहोर संकलन गरी त्यस्को विक्री वितरण गरी फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने कार्यको थालनी गर्नुका साथै वडा नं. १,२,४ र ६ का बजारक्षेत्रहरुमा फोहोरमैला शुल्क उठाउने कार्य प्रारम्भ गरिएको छ ।

**ज. <u>शिक्षा र खेलकुद तर्फः</u>**

सामुदायिक विद्यालयको शिक्षण सिकाई गुणस्तरीय तथा प्रभावकारी वनाउनका लागि दहथुम माध्यमिक विद्यालय र भाग्योदय माध्यमिक विद्यालयमा प्रति विद्यालय ६ लाख ५० हजारको लागतमा विज्ञान प्रयोगशाला स्थापना गरिएको, महेन्द्रज्योती माध्यमिक विद्यालय, जनप्रिय माध्यमिक विद्यालय र कालिका आधारभुत विद्यालयमा प्रति विद्यालय ६ लाख ५० हजारको लागतमा पुस्तकालय स्थापना गरिएको, पब्लिक एकेडेमी माध्यमिक विद्यालय र शहिद शुक्र

माध्यमिक विद्यालयमा प्रति विद्यालय ६ लाख ५० हजारको लागतमा सूचना प्रविधि कार्यक्रम अन्तरगत कम्प्यूटर पेरिफेरल्सका सामाग्री खरिद गरी मल्टिमेडिया प्रविधिबाट अध्यापन गर्न कार्य प्रारम्भ गरिएको, राजेन्द्र भवानी माध्यमिक विद्यालय र सिर्कोट माध्यमिक विद्यालयमा शौचालय निर्माण गर्ने कार्य सम्पन्न गरिएको, ठूली भङ्ग्याङ्ग माध्यमिक विद्यालयमा रु १६ लाखमा ट्रष्ट भवन र लक्ष्मी आधारभुत विद्यालयमा रु. १८ लाखको लागतमा २ कोठे भवन निर्माण गर्ने कार्य प्रारम्भ भएको छ । उल्लेखित विद्यालयहरु बाहेक भीरकोट भित्र रहेका अन्य सम्पूर्ण विद्यालयहरुलाई रु. ४० हजार देखि १ लाख ५० हजार सम्म रकम उपलब्ध गराई ECD कक्षा संचालन, मर्मत संभार, घेरावार, रङ्गरोगन र कम्प्यूटर व्यवस्थापन गर्ने जस्ता कार्यक्रम संचालन गरिएको छ । यसका साथै संस्थागत विद्यालयसँगको सहकार्य अन्तर्गत बालोदय माध्यमिक विद्यालयमा नमूना प्रयोगशाला निर्माण, बुद्ध मेमोरियल माध्यमिक विद्यालयमा रेकर्डिङ्ग स्टुडियो निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ। वालवालिका तथा यूवाहरुको शारिरीक तथा मानसिक विकासको लागि नगरक्षेत्रभित्र खेल्न संचालन गर्न संभव भएका खेलहरुलाई प्रतिस्पर्धी र व्यवस्थित बनाउने उद्देश्यले अन्तर विद्यालयस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र यूवा खेलकुद विकासको लागि वडा स्तरीय मेयरकप भलिबल प्रतियोगिता सम्पन्न गरिनुका साथै भीरकोट नगरपालिका वडा नं. २ को कृषि सेवा केन्द्रमा व्याडमिण्टन कोर्ट निर्माण कार्य सम्पन्न गरिएको छ। यसका साथै उच्च शिक्षाको विकासका लागि दहथुम क्याम्पसको व्यवस्थापन सुधार गर्न सहयोग उपलव्ध गराइएको छ। नगरक्षेत्रभित्र रहेका मदर्शाहरुलाई पठनपाठनमा सहजता ल्याउनका लागि आवश्यक सहयोग गरिएको छ।

**झ. <u>बालमैत्री स्थनीय शासन अबलम्बन तथा घोषणा सम्बन्धमाः</u>**

२०७६ चैत्र मसान्तसम्म बालमैत्री नगरपालिका घोषणा गर्न पूर्व तयारी कार्यक्रम अन्तर्गत विद्यालयका व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकहरुसँग अन्तरक्रिया गरी वालमैत्री नगरपालिका घोषणा गर्न पूरा गर्नुपर्ने सूचकहरुको पहिचान र त्यस्को सरलीकरण गर्न वालमैत्री आचार संहिताको निर्माण तथा वितरण गर्ने कार्य र समुदाय तथा विद्यालयस्तरमा वालमैत्री संजालको निर्माण लगायतका कार्य सम्पन्न गरी वडा स्तरमा वालमैत्रीसँग सम्बन्धित आवधिक लगानी योजना निर्माण गर्ने कार्य समेत प्रारम्भ गरिएको छ ।

**ञ. <u>धार्मिक तथा सांस्कृतिक विकास तर्फः</u>**

धार्मिक तथा सांस्कृतिक क्षेत्रको विकास तर्फ भीरकोट कालिका र खिलुङ्ग कालिका मन्दिरको संरक्षण, सम्बर्द्धन र मर्मत संभार गरिएको छ। छायाँक्षेत्र मन्दिरमा सिटीहल निर्माण कार्यको प्रारम्भ गरिएको छ। वडा नं. ४ को हटियामा नेवार संस्कृति र समुदायको परम्परागत लोपोन्मुख लठ्ठी नाचको संरक्षण, प्रवर्द्धन एवं निरन्तरताको लागि आवश्यक सहयोग गरी उक्त नाचलाई जीवन्त राख्ने प्रयत्न गरिएको छ । केघाको परम्परागत घाटु नाँच संरक्षण गरिएको छ ।

## ३. आर्थिक विकास क्षेत्र तर्फको प्रगति विवरणः

### क. कृषि तथा पशु विकास सम्बन्धमाः

- कृषि व्यवसायमा निर्भर कृषकहरुलाई आफ्नो पेशा प्रति आकर्षण वढाई आधुनिक औजार र उन्नत विउविजनको प्रयोग गरी उत्पादनमा वृद्धि गर्नका लागि १८ जना कृषक/कृषकसमूहलाई नगरपालिकाको ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण गरिएको तथा बेमौसमी तरकारी खेती गर्ने ४५ जना कृषकहरुलाई नगरपालिकाको ५० प्रतिशत अनुदानमा टनेल वितरण गर्ने कार्य सम्पन्न गरिएको छ।
- **एक घर एक करेशावारी, एक गाउँ एक नर्सरी** कार्यक्रमलाई अगाडी वढाउनका लागि ५०% अनुदानमा सवै वडाका कृषक/कृषकसमूहहरुलाई विउविजन समेतका आवश्यक सामाग्रीहरु वितरण गरिएको छ ।
- **एक गाउँ एक उत्पादन** कार्यक्रम अगाडी बढाउनका लागि वडा नं. २, ५ र ८ लाई केन्द्र वनाई जम्मा ४१७ वटा माटोको नमूना परीक्षण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- पशुपालन व्यवसायमा आत्मनिर्भर बनाउने कार्यको प्रारम्भ स्वरुप पशुपालन व्यवसायमा संलग्न ३० जना कृषकलाई सम्बन्धित विषयको तालिम दिई १० जना गाईपालक कृषकहरुलाई १० वटा पानी ट्याङ्की वितरण गर्नुका साथै उन्नत जातका वोका, भेडा, लोकल कुखुराको चल्ला वितरण गर्नका लागि सार्वजनिक सूचनाका आधारमा निवेदन संकलन गरी छनौट गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- नगरपालिका क्षेत्र भित्र प्रचुर संभावना रहेको फलफुल विकास कार्यक्रमलाई प्रवर्द्धन गर्नका लागि ५०% अनुदानमा सुन्तला तथा कागतीका २५०० बेर्ना वितरण गरिएको छ ।

### ख. पर्यटन विकास तर्फः

स्वरेक मैदानको दीर्घकालिन विकासका लागि डि.पि.आर. तयार गरी पैदल मार्ग (सिडी) निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ । स्वरेक मैदानमा स्याङ्गजाका सवै पालिकासँगको सहकार्यमा अन्तराष्ट्रिय प्याराग्लाईडिङ्ग प्रतियोगिता सम्पन्न भएको छ । यसैगरी वडा नं. ६ को सुन्दरचौरको विकासका लागि डिभिजन वन कार्यालय, स्याङ्जाको सहकार्यमा भण्डारखोला देखि सुन्दरचौर सम्म ३० लाखको लागतमा पैदल मार्ग र अन्य पूर्वाधारहरु निर्माण गर्ने कार्य भै रहेको छ। वडा नं. ७ को महेन्द्रज्योति माध्यमिक विद्यालय देखि कोलडाँडा सम्म पदमार्गको निर्माण, नगरपालिकाको सहकार्यमा केघा, खिलुङ्ग र ओकादीमा पर्यटकीय भवन तथा पार्कको निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । नगरपालिका क्षेत्र भित्रका विभिन्न जातजातीहरुको सांस्कृतिक पहिचान झल्कने गरी वृत्तचित्र तयार गरिएको छ।

ग. <u>प्रधानमन्त्री यूवा रोजगार कार्यक्रम अन्तर्गतः</u>

प्रधानमन्त्री यूवा रोजगार कार्यक्रम अन्तरगत विनियोजित रु ११ लाख मध्ये ९ वटै वडामा ११ वटा श्रममुलक आयोजना छनौट गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ ।

**४. वातावरण तथा विपद् व्यवस्थापन तर्फको प्रगति विवरणः**

मानवीय तथा प्राकृतिक प्रकोपका कारणबाट आउने विपद्का लागि आँधिखोला लगायतका अन्य खोलहरुमा तटबन्ध गर्नका लागि मागका आधारमा तारजाली/ह्यूमपाईप वितरण गरी तटबन्धन निर्माण गर्ने कार्य भईरहेको छ। विपद् व्यवस्थापनका विषयमा निर्वाचित पदाधिकारी कर्मचारी र सरोकारवालाहरुको सहभागितामा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

**५. संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फको प्रगति विवरणः**

- नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई प्राप्त अधिकारक्षेत्र भित्रका विषयहरुमा आवश्यकता अनुसार ऐन, नियम, निर्देशिका र कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ ।
- नगरपालिकाको सम्पूर्ण विवरण सहितको नगर पार्श्वचित्र तयार गर्ने कार्य सम्पन्न गरिएको छ।
- शहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा नगरपालिकाको सवै विषय समावेश भएको दीर्घकालिन रणनीति योजना तर्जुमा गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- नगरपालिकाको उद्यम विकास रणनीति, २०७६ तयार गरिएको छ ।
- नगरपालिकाद्वारा संचालन हुने आयोजनाका उपभोक्ता समितिका पदाधिकारीहरुलाई प्रत्येक वडामा १ दिने अनुशिक्षण कार्यक्रम गरी आयोजना संचालन, पेश्की माग र फरफारक लगायतका विषयमा जानकारी गरिएको तथा उपभोक्ता समितिले गर्नुपर्ने काम, पुऱ्याउनु पर्ने विधिका सम्बन्धमा उपभोक्ता समितिको पकेट डायरी तयार गरी वितरण गर्ने कार्य समेत संचालन गरिएको छ ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुलाई योजना तर्जुमा कानूनको निर्माणका विषयमा तालिम दिने कार्य सम्पन्न गरी निर्माण भएका ऐन कानूनहरुलाई एकीकृत गरी भीरकोट राजपत्र प्रकाशन गरिएको छ ।
- नगरपालिकाद्वारा भए गरेका योजना तथा कार्यक्रमका सम्बन्धमा नगरवासी र सरोकारवालाहरुलाई सुशुचित गर्ने उद्देश्यले चौमासिक रुपमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- नगरपालिकालाई प्रविधिमैत्री बनाउनका लागि नगरपालिका र वडा कार्यालयहरुमा Wifi जडान गरी सेवाग्राही मैत्री र प्रविधिमैत्री बनाईएको छ । नगरपालिका र वडा कार्यालय विचको आन्तरिक संचार Email मार्फत गर्ने व्यवस्था मिलाईएको छ । साथै नगरपालिका र वडा



भीरकोट नगरपालिका

कार्यालयहरुमा परम्परागत हस्तलिखित प्रविधिबाट प्रदान गरिने सिफारिस समेतका सेवा प्रवाहहरुलाई विस्थापन गरिएको छ ।

- सेवामा सहजताका लागि प्रत्येक वडा कार्यालयबाट सवै किसिमको कर लिने व्यवस्था मिलाईएको छ ।
- नगरपालिकाको भौतिक र सार्वजनिक सम्पत्तीको सुरक्षा, सवारी साधनको व्यवस्थापन र बजार क्षेत्रको सूरक्षा कार्यका लागि नगर प्रहरीको नियूक्ति गरी कामकाजमा खटाईएको छ।

५. नेपालको संविधान २०७२ ले परिकल्पना गरे बमोजिम यस भीरकोट नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा हामीले विगत एक वर्षको अभ्यास तथा सिकाईबाट हासिल गरेको अनुभव, भीरकोट नगरपालिकाका वडा अध्यक्षहरु, वोर्ड सदस्यहरु, नगर सदस्यहरु, नगरपालिकामा रहेका राजनीतिक दलमा प्रतिनिधि तथा प्रमुखहरु, विभिन्न क्षेत्रका बुद्धिजिवीहरु, भीरकोटलाई कार्यक्षेत्र बनाएर संचालनमा रहेका बैक तथा वित्तिय संस्थाका प्रतिनिधि तथा प्रमुखहरु, नगरपालिकाका विषयगत शाखामा कार्यरत कर्मचारीहरु लगायत भीरकोट बाहिर विभिन्न पेशा, व्यवसायमा संलग्न बुद्धिजीवीहरुसँग भएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय, सल्लाह तथा सुझाव समेतलाई मध्येनजर राखी नीति तथा कार्यक्रम तयार गरिएकोले नीति निर्माणमा राय, सल्लाह तथा सुझाव दिने सवैलाई धन्यवाद व्यक्त गर्दै आर्थिक वर्ष ०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## क. पुर्वाधार विकास क्षेत्र तर्फः-

६. आर्थिक वर्ष ०७६/०७७ मा नगरपालिकाको निर्माणाधिन भवन सम्पन्न गर्ने, वडा कार्यालय भवन निर्माण गर्न जग्गा नभएका वडाहरुको लागि जग्गा प्राप्ती गर्ने र जग्गा उपलब्ध भएका वडाहरुको हकमा भवन निर्माण गर्ने कार्य प्रारम्भ गर्ने व्यवस्था मिलाईने छ । निर्माणाधिन नगरपालिकाको भवन रहेको स्थानमा थप जग्गा प्राप्तिको लागि पहल गरिने छ।

७. नगरपालिका भित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थित र बैज्ञानीक व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन केन्द्रको डि.पि.आर.(Detailed Project Report) अनुसारको पूर्वाधार निर्माण, बसपार्कलाई व्यवस्थित गर्नका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण र गण्डकी प्रदेश सरकारको नीति अनुसार **'एक स्थानीय तह, एक खेल मैदान'** निर्माण गर्ने कार्यलाई प्रदेश सरकारसँगको साझेदारीमा अगाडी वढाईनेछ ।

८. भीरकोट नगरपालिका क्षेत्रभित्र खोलिएका पुराना तथा नयाँ सडकको मर्मत सम्भार र स्तरोन्नती गर्दा वातावरणीय प्रभावलाई न्युनिकरण गर्ने उपायहरुको अवलम्वन गरि मर्मत तथा स्तरोन्नती गर्न कार्यलाई निरन्तरता दिइने छ ।

९. नगरक्षेत्र भित्रका साविकमा नेपाल सरकारका विभिन्न निकायहरुबाट मापदण्ड तोकिएका सडकहरुको मापदण्ड सोही अनुसार र मापदण्ड नतोकिएका सडकहरुको सडक अधिकार क्षेत्र

(**राईट अफ वे**) तोकिने छ । सवै वडाहरुमा **'एक वडा, एक रणनीतिक सडक'** छनौट गरी मर्मत, संभार र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी वढाईनेछ ।

१०. नगरक्षेत्र भित्र रहेका एक वा एक भन्दा वढि वडा समेट्ने गरी निर्माण भएका महत्वपूर्ण सडकहरुलाई क्रमश स्तरोन्नती गर्नका लागि संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा निर्माण गर्ने कार्य अगाडी वढाउन आवश्यक पर्ने डि.पि.आर.(Detailed Project Report) तयार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

११. **'उज्यालो भिरकोट अभियान'** अन्तर्गत आर्थिक वर्ष २०७५/०७६ को अनुभव समेतका आधारमा नगरक्षेत्र भित्रका आवश्यक स्थानमा सडक वत्ति/ सौर्य वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१२. वयरघारी बजार क्षेत्र भित्र पक्की सडक निर्माणका लागि घरवस्तीको कारणले आवश्यक पर्ने न्यूनतम मापदण्ड नपुग्ने सडकहरुको मर्मत/संभारका लागि सम्बन्धित उपभोक्ताहरुको अनिवार्य लागत सहभागिता (नगद) सुनिश्चितता रहने गरी सोलिङ्ग र पि.सि.सि. गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

१३. वयरघारी बजार र आसपासमा रहेका वस्ती योग्य स्थानहरुमा विस्तार भएका बजार र संभावना रहेका स्थानहरुमा व्यवस्थित र वैज्ञानीक वस्ती विकासका लागि आवश्यक पर्ने सडक खानेपानी तथा ढल निकासको व्यवस्थापन गर्न आम बजारवासीको सहमति र सहकार्यमा ढल व्यवस्थापन गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरिने छ।

१४. नगरपालिकामा आर्थिक वर्ष २०७६/०७७ को श्रावण १ गते देखि घर निर्माण कार्यको अनुमति दिंदा एउटै बजार क्षेत्रमा एउटै रङ्गको प्रयोग गर्ने गरी अनुमति दिने व्यवस्था मिलाईने छ ।

१५. नगरपालिकाको पहिचानको रुपमा रहेको आँधिखोला आसपासका खेतीयोग्य भूमीको संरक्षण गर्न आँधिखोलाका सम्पूर्ण क्षेत्रको तटबन्धनका लागि डि.पि.आर.(Detailed Project Report) तयार गर्ने कार्य अगाडी वढाईनेछ ।

१६. नगरक्षेत्रभित्र सडक, खानेपानी, सिंचाई लगायतका पूर्वाधारजन्य आयोजनाहरु तर्जुमा गर्दा **रोजगारमा आधारित श्रममूलक आयोजना** पहिचान गरी आगामी आर्थिक वर्ष २०७६/०७७ मा कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता साथ अगाडी वढाउने व्यवस्था मिलाईने छ ।

१७. चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकी अधुरा रहेका र क्रमागत आयोजनाहरुलाई आवश्यक बजेट विनियोजन गरी सम्पन्न गर्ने व्यवस्था मिलाईने छ ।

१८. नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा अपाङ्ग, ज्येष्ठ नागरीक तथा वालमैत्री हुने गरी विकास निर्माणका कार्यहरु अगाडी वढाउने व्यवस्था मिलाईने छ ।

१९. नगरपालिका तथा वडा कार्यालयहरुको भवन निर्माण, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ठूलाखालका सडक निर्माण तथा खानेपानी आयोजनाको संचालन तथा निर्माणका लागि योजना बैक तयार गरी

कार्यान्वयनका लागि संघीय तथा प्रदेश सरकारसंग सहकार्य गरी अगाडी बढाउने व्यवस्था मिलाइने छ ।

२०. नगरपालिका तथा वडा स्तरबाट आयोजनाहरु तर्जुमा गर्दा नगरवासीहरुले अनुभुति गर्ने खालका ठूला तथा दिगोपना भएका आयोजनाहरुको छनोट गर्ने व्यवस्था मिलाइनेछ ।

२१. बजार क्षेत्रको मुख्य खेतीयोग्य जमिनका रुपमा रहेका वयरघारी मझुवा र छाङ्गछाङ्गदी फाँटको सिचाईको मुख्य स्रोतका रुपमा रहेको दार्सिङ्ग दहथुम छाङ्गछाङ्गदी ओडारे सिचाई योजना संचालनका लागि संघीय तथा प्रदेश सरकारसंग सहकार्य र समन्वय गर्ने व्यवस्था मिलाइनेछ ।

## ख. सामाजिक क्षेत्र तर्फः

२२. नगर प्रमुखसँग ज्येष्ठ नागरिक कार्यक्रम अन्तर्गत भीरकोट क्षेत्र भित्र रहेका ज्येष्ठ नागरिकहरुलाई एक आपसमा चिरपरिचित गराई उनीहरुको दिनचर्यालाई सहज र सरल बनाउनका लागि **'एक वडा, एक ज्येष्ठ नागरीक दिवा सेवा केन्द्र'**, निर्माण गर्न आवश्यक स्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुको डि.पि.आर.(Detailed Project Report) गर्ने कार्यलाई तिव्रताका साथ अगाडी वढाईने छ।

२३. मेयरसँग वालवालिका कार्यक्रम अन्तर्गत भीरकोट क्षेत्र भित्र रहेका वालवालिकाहरुलाई एक आपसमा चिरपरिचित गराउन र फुर्सदको समयमा मनोरञ्जन गर्न **'एक वडा एक बाल मनोरञ्जन पार्क'** निर्माणका लागि आवश्यक स्थानहरुको पहिचान गरी डि.पि.आर.(Detailed Project Report) तयार गरी पार्क निर्माण गर्ने कार्यलाई तिव्रताका साथ अगाडी वढाईने छ ।

२४. नगरक्षेत्र भित्र रहेका विभिन्न जातजाती तथा भाषाभाषीहरुको मौलिक संस्कृती, रीतिरिवाज तथा परम्पराहरुको संरक्षण तथा विकास गर्ने कार्य अगाडी बढाउने व्यवस्था मिलाईने छ।

२५. नगरक्षेत्र भित्र वसोवास गर्ने फरक क्षमता भएका अपाङ्ग तथा असहाय नागरिकहरुको एकिन विवरण तयार गरी तिनीहरुको संरक्षण गर्न त्यस्ता नागरीकहरुको सीप तथा क्षमता अनुसारको सिप विकासका कार्यक्रमहरु अगाडि वढाईनेछ । यसका लागि आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

२६. नगरक्षेत्रभित्र रहेका महिलाहरुको सीप तथा क्षमता विकास गरी उद्यमशिल वनाउनका लागि मागका आधारमा सशक्तिकरण र शिपमुलक तालिमलाई निरन्तरता दिईने छ ।

२७. नगरक्षेत्र भित्र रहेका अपाङ्ग, दलित, मुस्लिम अल्पसंख्यक, विपन्न, पिछडिएको वर्ग तथा समुहको उत्थानका लागि आवश्यक पर्ने सीप तथा क्षमताको विकास गरी त्यस्ता वर्ग तथा समुदायको परम्परागत पेशा तथा व्यवसायहरुको विशेष संरक्षण, सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईने छ ।

२८. नगरपालिकामा रहेका असहाय र अपाङ्ग तथा सडक बालबालिकाहरुको संरक्षणका लागि असहाय, अपाङ्ग तथा सडक बालबालिका संरक्षण कोष स्थापना गर्ने कार्यलाई प्राथमिकता दिईने छ।

२९. समाजमा विद्यमान महिला हिंसा र लागु पदार्थको दुर्व्यसन समेतका सामाजिक कुरीतीहरुको अन्त्य तथा नियन्त्रण गर्नत्यस्ता गतिविधीहरुको नियन्त्रण तथा रोकथामका कार्यमा संलग्न संघ संस्थाहरुसंगको सहकार्यमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरी उनीहरुलाई घर परिवार र समाजमा पुनःस्थापना हुने व्यवस्था मिलाइने छ ।

३०. नगरक्षेत्र भित्र स्वच्छ पिउनेपानीको पहुँच नभएका वस्ती र परिवारको पहिचान गरी स्वच्छ पिउनेपानीको पहुँच सुनिश्चितता गर्दै स्वच्छ र शुद्ध पिउनेपानी उपलब्ध गराउने कार्य अगाडि वढाइने छ।

३१. नगरक्षेत्रभित्र खानेपानी आयोजनाहरु संचालन गर्दा पुराना योजनामा प्रयोग भएका पाइप र अन्य सामाग्रीहरुको मर्मत संभार गरि पुनः प्रयोग गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरी आयोजनाहरुको मर्मत गर्ने कार्यलाई अगाडि वढाईने छ ।

३२. नगर क्षेत्र भित्र उत्सर्जन हुने फोहोरलाई व्यवस्थित गर्दै फोहोरवाट मोहोर प्राप्त गर्ने कार्यलाई थप प्रभावकारी बनाउन फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्ने कार्यको लागि संघीय तथा प्रदेश सरकारसंगको सहकार्य र साझेदारीमा कार्यक्रम अगाडी बढाइने छ ।

३३. नगरक्षेत्र भित्र उत्सर्जन हुने फोहोर संकलन गर्ने कार्यलाई विस्तार गरी हरेक वडामा पुऱ्याउने व्यवस्था मिलाइने छ । यसरी उत्सर्जन हुने फोहोरको वर्गिकरण गरी कुहिने खालका फोहोरहरुलाई उत्पादन स्थलमा नै प्राङ्गारीक मल बनाउन आवश्यक प्राविधिक सिप, विधि सिकाई व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ । नकुहिने खालका पुनः प्रयोग गर्न सकिने फोहोरहरुको विक्री मुल्य कायम गरी खरिद विक्री गर्ने व्यवस्था मिलाइने छ ।

३४. पुर्ण सरसफाईका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनलाई प्राथमिकता दिई पुर्णसरसफाई नगरपालिका बनाउन शौचालय नभएका विपन्न नागरीक र कच्ची शौचालय भएका नगरवासीलाई पक्की शौचालय निर्माण गर्न आवश्यक पर्ने न्यूनतम निर्माण सामाग्री उपलब्ध गराउने कार्यलाई आगामी आर्थिक वर्ष २०७६/०७७ मा समेत निरन्तरता दिईनेछ। शौचालय निर्माण सामाग्री आवश्यक पर्ने नगरबासीहरुको पूर्व पहिचान र अभिलेखिकरण गरी आवश्यकताको आधारमा वितरण गर्ने व्यवस्था मिलाइने छ

३५. शैक्षिक क्षेत्रमा संघीय तथा प्रदेश सरकारबाट संचालित कार्यक्रमलाई निरन्तरता दिँदै नगरपालिकाबाट थप कार्यक्रमका साथ शैक्षिक विकासलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ।

३६. विद्यालयको पहुँच भन्दा बाहिर रहेका वालवालिकाहरुको एकिन गरी अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिन विद्यालय भर्ना अभियान संचालन गरिनेछ।

३७. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन हुने खालका अतिरिक्त शैक्षिक क्रियाकलापको संचालन गर्नुको साथै विद्यार्थीहरुले अनुभव गर्ने खालका अतिरिक्त शैक्षिक कार्यक्रम संचालन गरी उनीहरुको प्रतिभालाई सिपसंग आवद्ध गराउने व्यवस्था मिलाइने छ ।

३८. **सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तरगत** नमुना सुचना प्रविधि तथा अत्याधुनिक प्रयोगशाला निर्माणका लागि संस्थागत विद्यालयहरुसंग लागत साझेदारीको आधारमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

३९. नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षा आवश्यक पर्ने विषय र क्षेत्रको सम्भाव्यता अध्ययन गरी प्राप्त नतिजाका आधारमा अनुमती लिने प्रक्रिया अगाडी बढाउने व्यवस्था मिलाइने छ ।

४०. आधारभुत तहको कक्षा १ मा भर्ना हुने विद्यार्थीलाई भर्ना हुनुभन्दा अगाडी १ वर्ष बालविकास केन्द्रको अनुभव दिलाए पश्चात मात्र कक्षा १ मा भर्ना गर्ने व्यवस्था मिलाइने छ ।

४१. बाल विकास केन्द्रमा अध्यनरत बालबालिकाहरुको विद्यालयमा निरन्तरता दिनका लागि आवश्यक पर्ने प्रोत्साहन मुलक कार्यहरुको पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

४२. विद्यालयहरुको कक्षा कोठाको शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाइ गुणस्तरिय शिक्षाको सुनिश्चितताका लागि शिक्षकहरुको सिप तथा क्षमता अभिवृद्धि गर्नका लागि आवश्यकता अनुसारको कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

४३. वाल विकास केन्द्रको सिकाई उपलब्धीलाई प्रभावकारी र गुणस्तरीय वनाउनका लागि सहयोगी कार्यकर्तालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईने र बाल विकास केन्द्रमा विद्यार्थीको निरन्तरताका लागि खाजा स्वरुप जाउलो खुवाउने कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

४४. २०७६ साल चैत्र मसान्तसम्म बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक पर्ने कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ । त्यस्का लागि सामुदायिक तथा निजी विद्यालयहरु पनि क्रमश वालमैत्री तथा सुचना प्रविधिमैत्री बनाउने व्यवस्था मिलाइने छ ।

४५. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धीलाई वृद्धि गर्न र शैक्षिक उपलब्धीलाई मूल्यांकन प्रणालीलाई विश्वासनिय बनाउने कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइने छ ।

४६. नेपाल सरकारबाट संचालन भएका स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि गर्भवती महिलाको पोषण अवस्थामा सुधार गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउनका लागि प्रोत्साहन गरिनेछ । विगत आर्थिक वर्ष देखि संचालनमा रहेका अण्डा वितरण, महिला स्वंयसेविकाहरु र आमा समूहको वैठकलाई निरन्तरता दिनका लागि संचालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

४७. नगरक्षेत्र भित्र पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिनका लागि गर्नु पर्ने कार्यहरु निरन्तर रुपमा संचालन गर्ने व्यवस्था मिलाइने छ ।

४८. ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय र गर्भवती महिलाहरुलाई घर-दैलोमा सेवा दिने कार्यलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइने छ ।

४९. नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवालाई गुणस्तरिय बनाउन आवश्यक पर्ने वाईफाईको जडान, कम्प्युटर र फर्निचर लगायतका न्युनतम आवश्यक सामाग्रीहरु उपलब्ध गराई गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

५०. नेपाल सरकारद्धारा निःशुल्क रुपमा उपलब्ध गराईएका औषधीहरुको उपलब्धतालाई सुनिश्चितता गर्दै मधुमेहसंग सम्बन्धित औषधीहरु निःशुल्क उपलब्ध गराउनका लागि मधुमेह जाँच गर्ने गुल्को मिटर प्रत्येक स्वास्थ्य संस्थामा उपलब्ध गराई सो संग सम्बन्धित औषधी र गर्भवती महिलाहरुलाई क्यलसियम चक्की नगरपालिकाको तर्फबाट निःशुल्क रुपमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।

५१. नगरपालिका भित्र ५० शैयाको अस्पताल निर्माण कार्य प्रारम्भ गर्न आवश्यक पर्ने जग्गाको व्यवस्थापन गरी संघीय तथा प्रदेश सरकारको सहकार्यमा प्रक्रिया अगाडी बढाइने छ ।

५२. नगरपालिका क्षेत्रमा रहेका ५ वर्ष उमेर पुरा भएका बालबालिकाहरुलाई जुकाको औषधी नियमित रुपमा खुवाउने कार्यलाई निरन्तरता दिइनेछ ।

५३. नगरपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि नमुना विज्ञान तथा शैक्षिक सामाग्री प्रयोगशाला निर्माणका लागि नगरपालिका र सामुदायिक तथा संस्थागत विद्यालयको सह लगानीमा नमुना प्रयोगशाला निमार्ण गर्ने कार्य अगाडी बढाइनेछ ।

५४. सामुदायिक विद्यालयमा खानेपानी तथा कम्पाउण्ड वाल निर्माण लगायतका पूर्वाधार विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

५५. नगरक्षेत्र भित्र रहेका विभिन्न भाषाभाषि रीतिरिवाज धर्म संस्कृतिहरुको अध्ययन/अनुसन्धान, संरक्षण, विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइनेछ ।

५६. समय समयमा विभिन्न संघ संस्था वा विषेशज्ञको परामर्शमा आवश्यकता अनुसार नगरपालिका क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था मिलाइने छ ।

५७. स्वास्थ्य चौकी स्थापनार्थ जग्गाको व्यवस्थापन गरी संघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

५८. बालबालिका तथा युवाहरुको शाररिक तथा मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियागिता संचालन गरि विद्यालय तथा युवाहरुलाई खेलकुदप्रति उत्प्रेरित गराउने व्यवस्था मिलाइने छ ।

५९. नगरपालिका क्षेत्र भित्र रहेका एतिहासिक,धार्मिक, सास्कृतिक तथा पर्यटकिय स्थल, मठ, मन्दिर मस्जिदहरुको संरक्षण र विकास गर्ने व्यवस्था मिलाइने छ ।

६०. नेपाल सरकारद्धारा गरिब घरपरिवार सर्वेक्षणका आधारमा पहिचान भएका गरिबको परिचय पत्र प्राप्त गरेका नागरिक र अपाङ्गताको परिचय पत्र प्राप्त गरेका सम्पूर्ण अपाङ्गहरुलाई नगरपालिकाबाट दिने सबै किसिममा सेवा तथा सुविधाहरु निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

६१. नगरपालिका भित्र रहेका ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

६२. **ज्येष्ठ नागरिकसंग मेयर** कार्यक्रम अन्तरगत प्रत्येक वडामा क्रमश ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, चौतारी निर्माण र पार्क निर्माण गर्ने व्यवस्था मिलाइने छ ।

६३. **गरिव सँग मेयर** कार्यक्रम अन्तरगत नगर क्षेत्र भित्र रहेका विपन्न वर्ग तथा समुहको आवश्यक सीप तथा क्षमता विकासको लागि सचेतना कार्यक्रम सन्चालन गरिने छ ।

६४. नगर क्षेत्रमा रहेका सामुदायिक अस्पतालको प्रभावकारी व्यवस्थापन गरि गुणस्तरीय सेवा उपलव्ध गराउनको लागि त्यस्ता संस्थाहरुसँग सम्भाव्यताका आधारमा सहकार्य गरि स्त्तरोन्नती गर्दै वडा नं. १ मा रहेको कालिका सामुदायिक अस्पताललाई नगरपालिकाको स्वामित्वमा ल्याई शिक्षण अस्पतालका रुपमा अगाडी बढाउन संघीय तथा प्रदेश सरकारसँग सहाकार्य गरिनेछ ।

६५. नगरक्षेत्रमा अल्पसंख्यक समुदायहरुको भाषा संरक्षण गरि त्यस्ता भाषाहरुको जगेर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

६६. नगरपालिका भित्र विकास निर्माण कार्य गर्न बाहिरबाट आउने दक्ष जनशक्तिलाई रोक्न स्थानीयस्तरमा दक्ष जनशक्ति तयार गरिनेछ ।

## ग. आर्थिक क्षेत्र तर्फः-

६७. नगरपालिकाको मुख्य पेशाका रुपमा कृषि तथा पशुपालन व्यवसायलाई क्रमश व्यवसायिककरण गर्दै लाने व्यवस्था मिलाइने छ ।

६८. कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि कृषि तथा पशुपालन व्यवसाय पकेट एरिया तोकि (क्षेत्र) **एक गाँउ एक उत्पादन**को अवधारणलाई सम्भावनाको आधारमा क्रमश शुरुवात गर्ने व्यवस्था मिलाइने छ ।

६९. कृषिमा आधारित नमुना उत्पादन केन्द्र स्थापना गरी उत्पादन वृद्धि गर्न पशुपालन, तरकारी उत्पादन, माछापालन, अन्नवाली र नगदेवाली उत्पादनहरुलाई प्राथमिकता दिई व्यवसायीक रुपमा अगाडी वढाईने छ ।

७०. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना, मुख्यमन्त्री नमूना वातावरणमैत्री कृषि आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग र सहकार्य गर्ने व्यवस्था मिलाईनेछ ।

७१. गत आर्थिक वर्षदेखि शुरु गरिएको **एक घर एक करेशावारी, एक गाउँ एक नर्सरी** र **एक गाँउ एक उत्पादन** कार्यक्रमलाई निरन्तरता दिंदै त्यस्तो कार्यक्रम शुरु गर्ने कृषक तथा नागरीकहरुलाई आवश्यकता अनुसार मल, विउ तथा कृषिजन्य आधुनिक उपकरणहरु ५०% अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

७२. नगर क्षेत्र भित्र सुन्तला, कागती, निबुवा, कुरीलो, कफि र अलैंची खेतीको प्रचुर सम्भावना भएका क्षेत्रहरुको थप अध्ययन गरी त्यस्ता स्थानमा सुन्तला, कागती, निबुवा, कुरीलो, कफी र अलैंची

खेती गर्ने कार्यलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार पचास प्रतिशत अनुदानमा वेर्ना वितरण गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

७३. नगरक्षेत्र भित्र रहेका कृषि तथा पशुपालक कृषकहरुलाई मागका आधारमा आवश्यक पर्ने सीप तथा क्षमता विकास गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाउने व्यवस्था मिलाइने छ ।

७४. कृषिको व्यवसायिकरण र आधुनिकिरण गरी नगरपालिका क्षेत्र भित्र कृषि तथा पशुपालना व्यवसायको नमुना फर्म स्थापना गर्ने कार्यको सम्भाव्यता अध्ययन गर्ने कार्य अगाडी वढाईने छ ।

७५. नगरपालिका र वित्तिय/सहकारी संस्थाहरुको साझेदारीमा कृषि उत्पादन तथा पशु पालनका क्षेत्रहरुमा सहलगानीको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ ।

७६. नगरपालिकालाई दुध, मासु, अण्डा र महमा आत्मनिर्भर बनाउनका लागि बाख्रापालन व्यवसाय, मौरीपालन व्यवसाय, भैसि तथा गाई पालन व्यवसाय, कुखुरा पालन व्यवसाय र बंगुरपालन व्यवसायको शुरुवात गर्ने कृषक तथा युवाहरुलाई प्रोत्साहान गर्नका लागि उन्नतजातका बिउ तथा चल्ला र बोकाको वितरण र खोर निर्माण गर्ने र कृषि तथा पशुको विमा गर्ने कार्यका लागि अनुदान उपलब्ध गराउने तथा भीरकोट गौशालामा रहेका गाईवस्तुहरुको व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

७७. कृषि तथा पशुपालन व्यवसायमा संलग्न किसान तथा व्यवसायीहरुलाई मल, बिउ, कृषि औजार लगायतका सामाग्रीहरु उपलब्ध गराउन कार्यविधि निर्माण गरी कार्यविधिमा तोकिएको विधि र प्रक्रियाको आधारमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

७८. नगरपालिका क्षेत्रमा बसोबास गर्ने नगरबासीहरुमा मौरीपालन व्यवसाय प्रति आर्कषण देखिएकोले मौरीपालन व्यवसाय सम्बन्धी तालिमको संचालन र ५० प्रतिशत अनुदानमा मौरीघार वितरण गर्ने कार्यलाई निरन्तरता दिंदै मह प्रशोधन केन्द्रको स्थापना गर्ने व्यवस्था मिलाइने छ ।

७९. नगरक्षेत्रभित्र उत्पादन हुने कृषिजन्य वस्तुहरुको खरिद तथा विक्रि वितरणको सहजताको लागि बजार क्षेत्रमा हाटबजार निर्माण गर्ने कार्यलाई प्राथमिकतासाथ अगाडी बढाउने व्यवस्था मिलाइने छ।

८०. कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन र आधुनिकीकरणका लागि अनुदान/सहयोगको रकम उपलब्ध गराउने कार्य अगाडि वढाईनेछ । यसरी कृषि तथा पशुपालन व्यवसायलाई अनुदान उपलब्ध गराउदा कार्यविधी तर्जुमा गरि सोही अनुसार गराउने नीति लिइने छ।

८१. कृषि तथा पशुपालन व्यवसायलाई अगाडी बढाउनका लागि विज्ञहरुको सहभागितामा छलफल गरी दीर्घकालिन कृषि सम्बन्धी नीति तथा योजना निर्माण गरी लागू गर्ने व्यवस्था मिलाइने छ ।

८२. कृषि तथा पशुपालन व्यवसाय, महिला, दलित, अपाङ्ग, असहाय तथा जेष्ठ नागरिकहरुका विषयमा उल्लेखनिय कार्य गर्ने वित्तिय तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।

८३. नगरपालिकाको केघा भज्याङ्ग, ओकादी र खिलुङ्ग लगायतका स्थानहरुमा घरवास पर्यटन विकासका कार्यक्रम संचालनका लागि संघीय तथा प्रदेश सरकारको सहकार्य र सहलगानीमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

८४. धार्मिक तथा पर्यटन विकासका संभावना रहेका छाङ्गछाङ्गदी, स्वरेक मैदान, गडहरे गुफा, मुल्का बराहा, कोखेको झरना, देउपुजे ढुंगा, नारायणगिरी वावा मन्दिर, खिलुङ्ग कालिका, ओकादी लगायतका पर्यटकीय स्थलहरुको प्रवर्द्धन र विकासको लागि आवश्यक व्यवस्था मिलाईने छ ।

८५. नगर क्षेत्र भित्र रहेका खेतियोग्य जमिनमा सिचाईको सुविधा उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिईनेछ ।

८६. नगरपालिका क्षेत्रमा पर्यटन प्रर्वद्धनका गर्नका लागि पर्यटनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता संचालनका लागि आवश्यक सहयोग र समन्वय गरिनेछ।

८७. नगर क्षेत्र भित्र पहिचान भएका र विकासको सम्भावना रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकिय स्थलहरुको विकास र संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ।

८८. साहसिक पर्यटकिय खेलको पहिचान र पर्यटकिय पदमार्ग स्थलहरुमा पूर्वाधार निमार्ण गर्न संघीय र प्रदेश सरकारसँगको सहकार्य र सहलगानीलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

८९. आँधिखोलामा सिजनलरुपमा जलयात्रा संचालन गर्ने कार्यका लागि सम्बन्धित सरोकारवाला निकायहरुसँग आवश्यक परामर्श गरी सहकार्यको रुपमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

९०. नगरपालिकामा रहेका वेरोजगार युवायुवतीहरुलाई कृषि तथा पशुपालन व्यवसाय तर्फ प्रोत्साहन गर्नका लागि लघु उद्यम विकास रणनीति योजनामा उल्लेखित कार्यक्रमहरुलाई प्राथमिकता साथ अगाडी बढाउने व्यवस्था मिलाइने छ ।

९१. नगरपालिकाबाट विभिन्न विषयमा तालिम लिएका व्यक्तिहरुलाई सम्बन्धित विषयको ज्ञान र शिपको आधारमा व्यवसायिक उद्यमतर्फ लाग्नका लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

९२. नगर क्षेत्रभित्र साना तथा लघु उद्यमी तयार गर्नका लागि सम्बन्धित निकायमा उद्योग दर्ता गरि प्रस्ताव सहित आउने उद्यमी वा उद्यमी समूहहरुलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने कार्यको प्रारम्भ गरिने छ।

९३. नगरपालिका क्षेत्रमा रहेका उद्योग व्यवसायहरुको प्रवर्द्धनका लागि आवश्यक सहयोग र समन्वय गर्ने व्यवस्था मिलाईने छ ।

९४. संघीय सरकार तथा प्रदेश सरकारको 'एक पालिका, एक उद्योग ग्राम स्थापना गर्ने नीति अनुसार उद्योग ग्राम स्थापनाको लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईने छ।

९५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत नगरपालिकाक्षेत्रमा रहेका वेरोजगार युवा युवतिहरुलाई रोजगार सृजना हुने खालका श्रम मुलक आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

९६. संघीय सरकारको १०० वटा पर्यटकिय गन्तव्य स्थलमा सूचीकृत भएको स्वरेक मैदानमा डि.पि.आर. अनुसारको पूर्वाधार निर्माण कार्य अगाडी बढाउनका लागि संघीय तथा प्रदेश सरकारसंग सहकार्य र सहलगानी गर्ने व्यवस्था मिलाइने छ ।

९७. पुरातात्विक र ऐतिहासिक महत्वको भीरकोट दरबारलाई नगरपालिकाको स्वामित्वमा ल्याई जिर्णोद्वार तथा पुनःनिर्माण गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

## घ. वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फः-

९८. नगरपालिकाक्षेत्र भित्र पूर्वाधार निर्माण गर्दा बातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखि वातावरणमैत्री कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाउने व्यवस्था मिलाइने छ ।

९९. नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा मानवीय कारणले हुन सक्ने प्राकृतिक प्रकोपका कारण हुने क्षतीलाई न्युनिकरण गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्तीको व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

१००. नगरपालिका क्षेत्र भित्र पर्ने आँधिखोला आसपासका उर्वर खेतीयोग्य जमिनहरुको संरक्षण गर्न आँधिखोला नियन्त्रणका लागि गुरुयोजना तयार गर्ने कार्यलाई आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्ने व्यवस्था मिलाइने छ । आँधिखोला नियन्त्रणका लागि डि.पि.आर.तयार भए पश्चात संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र सहलगानीमा आँधिखोलालाई नियन्त्रण गर्ने उचित व्यवस्था मिलाइने छ ।

१०१. सुन्दरचौर वनस्पती सूचना केन्द्रलाई पर्यापर्यटनको रुपमा विकास गर्न संघीय सरकार, वनस्पती विभाग, प्रदेश सरकार र डिभिजन वन कार्यालय, स्याङ्गजाको सहकार्यमा पूर्वाधार निर्माण र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

१०२. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तालतलैया, पोखरी र चौतारीहरुको मर्मत संभार, जिर्णोद्धार र संरक्षण गरिने छ । पुरात्तात्विक तथा ऐतिहासिक महत्वका रुपमा रहेका पोखरी तथा ताल-तलैयाहरुको आवश्यकता अनुसार नयाँ निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

१०३. नगरक्षेत्रभित्र आयोजनाहरुको कार्यान्वयन गर्दा वातावरणीय असरलाई न्यूनिकरण गर्ने उपायहरुको अबलम्बन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

## ङ. संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनः-

१०४. नेपालको संविधान, २०७२ को अनुसूची-८ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भए अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरुमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

१०५. विगत आर्थिक वर्षमा तर्जुमा भएका ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधीहरुको आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्ने र यसको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

१०६. न्यायीक समितिका पदाधिकारीहरुलाई आवश्यकता अनुसार क्षमता विकास गर्ने कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

१०७. नगरपालिका र अन्तरगतका वडा कार्यालयमा कार्यरत कर्मचारीहरु मध्येबाट १ जनालाई सर्वोकृष्ट र ५ जनालाई उत्कृष्ट कर्मचारी घोषणा गरी सम्मान र पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ र अत्याधिक कार्यवोझ भएका कर्मचारीहरुलाई नगरपालिकाको क्षमताको आधारमा प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ।

१०८. नगरस्तरीय आयोजना प्रभावकारी रुपमा कार्यान्वयनका लागि निर्वाचित पदाधिकारी, कर्मचारी र उपभोक्ता समितिमा रहेका पदाधिकारीहरुलाई कार्यक्रम कार्यान्वयन र अनुगमनसँग सम्बन्धित विपयमा क्षमता विकासका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

१०९. नगरपालिका तथा वडास्तरबाट सम्पादन भएका विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यहरुको सार्वजिनक सुनुवाई, सामाजिक परीक्षण जस्ता सेवाग्राहीहरु प्रति उत्तरदायी हुने कार्यक्रमहरुको प्रभावकारी संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

११०. नगरपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनका लागि सुत्रमा आधारित SOFTWARE को प्रयोगलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

१११. नगरपालिकाद्वारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका कोषहरु स्थापना गरी आवश्यकता र आर्थिक श्रोतको आधारमा रकम जम्मा गर्ने व्यवस्था मिलाईने छ ।

११२. नगरपालिका र वडा कार्यालयहरुबाट दैनिक रुपमा लिईने सेवा शुल्क, कर तथा दस्तुरलाई अनुगमन गर्न मिल्ने गरी नेटवर्किङ्ग(Networking)को व्यवस्था मिलाईने छ ।

११३. नगरपालिकामा रहेका विषयगत शाखा मातहातका कार्यालयहरुको प्रभावकारी संचालनका लागि न्यूनतम रुपमा आवश्यक पर्ने कम्प्यूटर लगायतका कार्यालय सामान उपलब्ध गराई त्यस्ता कार्यालयबाट प्रदान गरिने सेवा तथा सुविधालाई गुणस्तरिय, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउने व्यवस्था मिलाईनेछ ।

११४. नगरपालिकाको बजार क्षेत्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन बजार क्षेत्रमा सि.सि.टिभी जडान गर्ने व्यवस्था मिलाइनेछ

११५. नगरपालिकाबाट तोकिए बमोजिमका सेवा शुल्क, कर तथा दस्तुरहरु सहज, सरल र नियमित रुपमा बुझाउने करदातालाई प्रोत्साहन गरिने छ ।

११६. नगरपालिका अन्तरगतका वडाहरुको स्रोत नक्शा तयार गर्ने कार्य अगाडी बढाईने छ ।

११७. नगरपालिका भित्र भवन तथा सडक निर्माण गर्दा शहरी विकास तथा भवन निर्माण मापदण्ड र स्थानीय सरकार संचालन ऐन,२०७४ मा भएको भवन निर्माण सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ ।

११८. नगरपालिकामा कार्यरत स्थानीय तह तर्फका स्थायी कर्मचारीहरुको योगदानमा आधारित अवकाश कोषमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईने छ ।

११९. नगर सभाबाट स्वीकृत विभिन्न सेवा तथा सुविधामा तोकिए बमोजिमका सेवा शुल्क, कर र दस्तुर उठाउने कार्यलाई कडाईका साथ अगाडी बढाईने छ ।

१२०. नगरपालिकाका विषयमा कलम चलाउने र यसका गतिविधिलाई नियमित रुपमा पाठकहरु समक्ष पु-याउने कार्यमा योगदान गर्ने लेखक, पत्रकार, संचारकर्मी तथा मिडियासँग आवश्यकता अनुसार सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१२१. नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता भएका उद्योग, व्यवसाय, क्लब, संघ संस्था, वित्तिय तथा सहकारी संस्थाहरु समेतको विवरणहरु अद्यावधिक गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

१२२. नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा सुविधा, त्यस्तो सेवा सुविधामा लाग्ने सेवा शुल्क, जिम्मेवार पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको विवरण तयार गरी प्रकाशन गर्न विद्युतिय डिजिटल सूचना पाटी नगरपालिका र वडा कार्यालयहरुमा क्रमश राख्ने व्यवस्था मिलाईने छ ।

१२३. वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा सुविधालाई सुरक्षित, प्रविधिमैत्री तथा अनुगमन योग्य बनाउनका लागि आफ्नो भवन भएका वडा कार्यालयहरुमा सि.सि.टि.भि. जडान गर्ने कार्यलाई क्रमशः अगाडी बढाईनेछ ।

१२४. नगरपालिका र वडा कार्यालयबाट संचालन हुने योजनाहरुको अनुगमन र निरीक्षण कार्यमा सम्बन्धित वडाका निर्वाचित वडा सदस्यहरुलाई जिम्मेवार बनाउने विधि र प्रक्रियाको पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

१२५. नगरपालिकाको समग्र विकासका लागि आवश्यक पर्ने जनशक्तीको पहिचान गरी दक्षता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ ।

१२६. नगरपालिकाको शान्ती सूरक्षा व्यवस्थालाई भरपर्दो वनाउनका लागि इलाका प्रहरी कार्यालय स्थापनार्थ जग्गा खोजी गर्ने कार्यलाई प्राथमिकता दिईने छ र दुर्गम स्थानमा रहेका वडाहरुमा प्रहरी चौकी स्थापना गर्न आवश्यक पहल गरिने छ ।

१२७. नगरक्षेत्रमा विगतदेखि प्रचलनमा रहेको करका दर र दायरालाई आवश्यकता अनुसार परिमार्जन गर्ने व्यवस्था मिलाईने छ र नगरक्षेत्र भित्र मापदण्ड विपरित विगतमा वनेका संरचनाहरुलाई करको दायरामा ल्याउने व्यवस्था मिलाईने छ ।

१२८. नगर भित्रका सम्पूर्ण घरहरुमा घर नंम्बर राख्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईने छ।

**अन्त्यमाः-**

प्रस्तुत नीति तथा कार्यक्रमले नगरपालिकाको समग्र विकास र समृद्धिमा सहयोग पुग्ने कुरामा विश्वस्त हुदै नगरपालिकाक्षेत्र भित्र वसोवास गर्ने विभिन्न तह र तप्काका नागरीकहरुको सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा गरेको छु । नगरपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाहमा आवश्यक सल्लाह सुझाब प्रदान गर्नुहुने संघीय तथा प्रदेश सरकारका माननीय सांसदहरु, निर्वाचित पदाधिकारीहरु राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, संचारकर्मी तथा सबै नगरवासी एवम् नीति तथा कार्यक्रम तयार पार्न सहयोग गर्नुहुने कर्मचारी मित्रहरुलाई धन्यवाद व्यक्त गर्दछु । नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध पक्षसँग सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा सहित आवश्यक राय,सल्लाह र सुझाब प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

भीरकोट नगरपालिका